# उपाध्यक्ष श्री नर्मदा भण्डारी ज्यूबाट छत्रकोट गाउँसभामा पेश गर्नु भएको आर्थिक वर्ष २०७७।७८ को बजेट वक्तव्य

## छत्रकोट गाउँपालिका

## गुल्मी

**आदरणीय सभाध्यक्ष महोदय,**

१. छत्रकोट गाउँपालिकाको गरिमामय यस सभामा यस गाउँपालिकाको चौथो बजेट प्रस्तुत गर्दैछु । यस घडीमा सामाजिक न्याय तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने सबै शहीदहरुप्रति हार्दीक श्रद्धाञ्जली अर्पण गर्दछु । न्याय समानता, स्वाधीनता र समृद्धि प्राप्तिका आन्दोलनहरुमा योगदान गर्नुहुने सम्पूर्ण अग्रजहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

२. विश्वव्यापी महामारीको रुपमा फैलीएको कोरोना भाइरसको संक्रमण दैनानुदिन बढ्दै गैरहेको वर्तमान सन्दर्भमा यस भाइरसको नकरात्मक असरबाट छत्रकोट गाउँपालिकाबासीको जीवन रक्षा गर्नु पहिलो प्राथमिकता रहेको बोध गरेको छु । आगामी वर्षको बजेट नयाँ चुनौतीहरुको सामना गर्न केन्द्रित गरेको छु ।

३. समृद्ध छत्रकोटको भावि तस्विरलाई सामुन्नेमा राखेर विगत ३ वटा बजेटहरुको कार्यान्वयन समेतको अनुभवका आधारमा सिमित स्रोत र साधनको महत्तम उपयोग गरी साधन स्रोत र अवसरको न्यायोचित वितरण गर्ने, दिगो विकासको लागि पूर्वाधार निर्माण गर्ने, सन्तुलित रुपमा वडागत विकास गर्ने र उच्चदरको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिएको छु ।

४. बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्दै गर्दा गाउँपालिकभित्र, गाउँपालिका बाहिर र विदेशमा रहनुभएका छत्रकोटवासी एवं सबै शुभ चिन्तकहरुले छत्रकोटको विकासको लागि देखाउनु भएको चिन्ता, चासो र तत्परतालाई उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

५. यो बजेट निर्माण गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, संघीय तथा प्रदेश कानुनहरु, गाउँपालिकाले तयार गरेका ऐन, नियम, गाउँपालिकाले लिएका लक्ष्यहरु, कार्यपालिकाका बैठकका निर्णयहरु, छत्रकोट भिजन, विकासका समसामयिक मुद्दाहरु, विषयगत कार्यालयहरु, विषयगत शाखाहरु र विज्ञहरुका सुझाव समेतका परामर्श र सर्वपक्षिय/दलीय अन्तरक्रिया समेतलाई ध्यानमा राखेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**अव म चालु वर्षको संक्षिप्त समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

६. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको प्रकोपबाट छत्रकोट वासीलाई जोगाउन गरिएका प्रयासहरुले सार्थकता पाएका छन् । समुदाय स्तरमा कोरोना भाइरसको संक्रमण फैलिनबाट जोगिएको अवस्था छ । असंगठीत क्षेत्रका मजदुरहरु र असाहयहरुका लागि राहत वितरण गरेका छौं । विदेशबाट फर्कने हाम्रा नागरिकहरुलाई सुरक्षित पूर्वक क्वारेन्टाइन सम्म पुर्याउने तथा क्वारेन्टाइनमा खाना खाजाको प्रवन्ध मिलाई महामारीको यस संकटको समयमा स्थानीय सरकारको अनुभुती दिलाउने प्रयत्न गरेका छौ । क्वारेन्टाइनमा बसेका हरुको आरडिटी परिक्षण र पिसीआर परिक्षण निर्धारित समयमा गर्न प्रदेश सरकारसँग समन्वय गरिएको छ । आरडिटी परिक्षण र पिसिआर परिक्षणका लागि आवश्यक आरडिटी किट र भिटिएम किट अभाव हुन नदिन गाउँपालिकाबाटै आरडिटि किट र पिसीआर परिक्षणको स्वाब कलेक्सनका लागि भिटिएम किट खरिद गरी सो कार्य नियमित गरिएको छ । कोरोना भाइरसको कारण मारमा परेका कुखुरा व्यवसायीहरुलाई अनुदान उपलब्ध गराइएको छ । स्वास्थ्यकर्मीहरुका लागि आवश्यक सुरक्षाको प्रबन्ध गरी यस विषम परिस्थितीमा समेत स्वास्थ्य सेवा प्रदान कार्य नियमित गरिएको छ ।

७. स्थानीय तहको स्थापना पश्चात हालसम्म आइपुग्दा यस गाउँपालिकाको खानेपानी, सडक, सिंचाई लगायत भौतिक पूर्वाधारको सन्तोषजनक रुपमा विकास भएको छ ।

८. दौघा खानेपानी योजना, हर्दिनेटा धरमपानी खानेपानी योजना, मौलीपुर खानेपानी योजना, बोहा खानेपानी योजना, धारदी खानेपानी योजना, काउले कोटडाँडा खानेपानी योजना, राजुका रुख लिफ्ट खानेपानी योजना, हुँगा खानेपानी योजना सम्पन्नको चरणमा पुगिसकेका छन् । भेडुवा चोयगा लिफ्ट खानेपानी योजना, चल्खु छिस्तुङ खानेपानी योजना, केउल खरेवा खानेपानी योजना निर्माणाधीन अवस्थामा रहेका छन् ।

९. वडा कार्यालयहरु सम्म पुग्ने सडकहरु मापदण्ड बमोजिम विस्तार गर्ने कार्य सम्पन्न भइसकेको छ । प्रत्येक टोलहरुसम्म मोटरबाटोको पहँच पुर्याइएको छ । सडकमा नाली निर्माण गर्ने, ह्युम पाइप राख्ने कार्यबाट सडकको दिगोपनामा टेवा पुगेको छ ।

१०. सभाहलको पहिलो तलाको निर्माण कार्य सम्पन्नको चरणमा पुगिसकेको छ । आगामी आर्थिक वर्षको शुरुवात बाट प्रशासनिक कार्यहरुको शुरुवात सोही सभाहलबाट गरिनेछ । ३ नं.

वडा कार्यालयको भवन निर्माण यसै आ.व. मा सम्पन्न हुनेछ । यसबाट सेवा प्रवाहमा सहजता आउने अपेक्षा गरेको छु ।

११. चालु आ. व. मा भेडुवा बजार क्षेत्र र खज्र्याङ बजार क्षेत्रमा सडक सौर्य बत्ती जडान कार्य सम्पन्न हुनेछ ।

१२. खज्र्याङ खेल मैदान, कुँडाहर चौर खेल मैदान, हुँगा खेल मैदान लगायत सबै वडाहरुमा खेलमैदानहरु निर्माण प्रारम्भ भएको छ । राष्ट्रपति रनिङ शिल्ड लगायत खेलकुद प्रतियोगिता लगायतका खेलहरुबाट खेलकुद प्रर्वद्धनमा टेवा पुगेको छ ।

१३. स्थानीय तहको स्थापना पश्चात ४ वटा सामुदायिक स्वास्थ्य इकाइहरु स्थापना गरी ५ वटा सामुदायिक स्वास्थ्य इकाइहरु, १ प्राथमिक स्वास्थ्य केन्द्र र ५ स्वास्थ्य चौकीबाट आम नागरिकको आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरिएको छ । स्वास्थ्य संस्थाहरुमा रहेका सबै रिक्त दरबन्दीहरु पदपूर्ति गरी सहज सेवा प्रवाहको व्यवस्था गरिएको छ ।

१४. श्रृङ्गा प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरी १५ शैयाको अस्पताल निर्माणका लागि आवश्यक पर्ने जग्गाको प्रवन्ध गरिएको र चालु आवमै श्रृङ्गा प्राथमिक स्वास्थ्य केन्द्रलाई १५. शैयाको अस्पतालमा रुपान्तरण गर्ने कार्य प्रारम्भ भएको छ ।

१६. स्वास्थ्य संस्थाका लागि आवश्यक औजार उपकरणहरुको प्रवन्ध गर्नुका साथै औषधीको नियमित आपूर्तिका व्यवस्था गरिएको छ ।

१७. चालु आर्थिक वर्षमा २ वटा ल्याबहरु सञ्चालनमा ल्याइएका छन् । यसबाट रोग निदानमा महत्वपुर्ण टेवा पुग्ने अपेक्षा गरिएको छ ।

१८. कडा रोग लागेका असाहय तथा विपन्न परिवारका सदस्यहरुलाई सहायता प्रदान कार्य निरन्तर रुपमा गरिएको छ । रिफर हुने विरामीलाई आवश्यकता अनुसार रिफर गर्ने सेन्टरबाटै सापटी रकम उपलब्ध गराउने व्यवस्था गरिएको छ । सुत्केरीहरुलाई एम्वुलेन्स खर्च वापत गाउँपालिकाबाट रु ३००० सम्म उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

१९. शिक्षकहरुको लागि अभिमुखिकरण गर्ने साथै शिक्षण पेसालाई मर्यादित बनाउने कार्यलाई जोड दिइएबाट सामुदायिक विद्यालयहरुको गुणस्तरमा सुधार आएको छ । विभिन्न तहका सरकारहरुसँगको समन्वयमा विद्यालय भौतिक पूर्वाधारको विकास गरिएको छ ।

२०. सामाजिक न्यायको मर्म अनुरुप खरको छानो भएका घर परिवारका खरका छाना विस्थापन गरी जस्तापाता लगाउने कार्य अन्तिम चरणमा पुगेको छ ।

२१. कृषकहरुका लागि आवश्यक औजार उपकरण अनुदानमा उपलब्ध गराइएको छ । दुधमा उत्पादनको आधारमा अनुदान उपलब्ध गराइएको छ । स्वाइल सिमेन्ट पोखरीको निर्माणबाट कृषि उत्पादनमा टेवा पुग्ने विश्वास लिएको छु ।

२२. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत बेरोजगारहरुलाई रोजगारी प्रदान गरिएको छ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म आ.व. ०७५।७६ को यथार्थ आय-व्यय, ०७६।७७ को संसोधित आय-व्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. ०७५।७६ मा केन्द्रीय अनुदानतर्फ र आन्तरिक श्रोत गरी जम्मा रु. ४५ करोड ९५ लाख ७० हजार ६४० आम्दानी भएको छ । त्यसै गरी कूल खर्चमध्ये चालु खर्च रु. २५ करोड ५५लाख ३ हजार ७५२ र ४८ पैसा र पुँजीगत खर्चतर्फ रु. १२ करोड ३४ लाख ८७ हजार ७४१ गरी जम्मा रु. ३७ करोड ८९ लाख ९१ हजार ४ सय ९३ रुपैया ४८ पैसा खर्च भई ४ करोड ९४ लाख ६३ हजार २९४ रुपैया ४० पैसा संचित कोषमा बचत रहेको थियो।

त्यसैगरी चालु आ.व. ०७६।७७ मा रु. ४३ करोड ४९ लाख ५६ हजार ७७१ रुपैया अनुमान गरीएकोमा यो बजेट तयार पार्दासम्म विभिन्न अख्तियारीहरु समेतका आधारमा संशोधित आय अनुमान रु. ४४ करोड ५९ लाख २२ हजार २९८ रहेको छ ।

चालु आ.व. मा यो बजेट तयार पार्दासम्म चालु खर्च रु. १५ करोड ३७ लाख ३१ हजार ३०८ रुपैया ३१ पैसा र पुँजीगत खर्च रु. ३ करोड ८३ लाख ९१ हजार ७ सय ९४ रुपैया गरी जम्मा खर्च रु. १९ करोड ९१ लाख १३ हजार १ सय २ रुपैया र ३१ पैसा खर्च भएको छ ।
आ.व. ०७६।७७ को विस्तृत प्रगति विवरण आ.व. समाप्त भैसके पश्चात प्रगति समिक्षा मार्फत जानकारी गराइने छ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अव म आर्थिक वर्ष २०७७।७८ का बजेटका उद्देश्य, प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**<u>उद्देश्य</u>**

- कोरोना भाइरसले पारेको प्रभाव न्युनीकरण गर्ने
- विदेशबाट फर्केको जनशक्तीलाई स्वदेशमै बस्ने अवस्था सिर्जना गर्ने
- उत्पादन वृद्धि गरी नागरिकको जीवनस्तरमा सुधार ल्याउने,
- दीगो भौतिक विकास गर्ने
- आय र रोजगारी बृद्धि गरी गरिबी घटाउने,
- नमुना छत्रकोट बनाउने,
- समृद्ध समाज निर्माण गर्ने

**प्राथमिकताका क्षेत्रहरु**

निम्न प्राथमिकता क्रममा बजेट व्यवस्था गरेको छु ।

- स्वास्थ्य
- कृषि
- शिक्षा
- सडक
- खानेपानी तथा सरसफाई
- सिंचाई
- वन, पर्यटन र उद्योग
- सामाजिक सुरक्षा
- सेवा प्रवाह र सुशासन

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म आर्थिक बर्ष ०७७।७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्षमा चालु तर्फ रू. २९ करोड ६१ लाख ३३ हजार ८ सय ६० रुपैया र पूंजीगत खर्च तर्फ रू. १८ करोड ८० लाख ९० हजार गरी जम्मा रु.४८ करोड ४२ लाख २३ हजार ८ सय ६० रुपैया विनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**अब म विषय क्षेत्रगत विनियोजन प्रस्तुत गर्न चाहन्छु ।**

- वडा तहको पूर्वाधार विकास, कृषिमा व्यवसायीकरण, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानवविकास सूचकाङ्कको विकासका लागि जनसंख्या, भूगोलका आधारमा न्यूनतम ३५ लाख र अधिकतम ४२ लाख ५० हजार गरी जम्मा रु. २ करोड ३३ लाख वडा तर्फ पुजीगत खर्चका लागि विनियोजन गरेको छु ।
- गाउँपालिकाले पहिचान गरेका पूर्वाधार विकास, पर्यटन, शिक्षा, स्वास्थ्य, सिंचाई तथा समपुरक आयोजनाहरुका लागि १६ करोड ४७ लाख विनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**अब म आर्थिक विकास क्षेत्रमा_भएको विनियोजनको मुख्य मुख्य कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- आर्थिक विकास क्षेत्र तर्फ कृषि तथा पशुपालन, जलश्रोत तथा सिंचाइ, उद्योग सहकारी समेतका क्षेत्रहरुको विकासका लागि रू. १ करोड ७६ लाख विनियोजन गरेको छु।
- एक वडा एक उत्पादनका लागि बजेट विनियोजन गरेको छु । संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त कार्यक्रम बाहेक कृषी र पशुपालनको व्यवसायीकरणका लागि रु.८० लाख विनियोजन गरेको छु ।
- बाझो खेतको व्यवस्थापनका लागि प्रदेश सरकारसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न समपुरक आयोजनाको रुपमा रु ५० लाख विनियोजन गरेको छु ।
- संघीय सरकारको साझेदारीमा भैसीपालन कार्यक्रमका लागि रु.४३ लाख ४० हजार विनियोजन गरेको छु ।
- वंगुरपालन कार्यक्रम, बाखापालन कार्यक्रम, कागती पकेट कार्यक्रम र व्यवसायिक कृषि खेतीका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
- उखु खेतीलाई यस गाउँपालिकाको एक स्थानीय तह एक उत्पादन कार्यक्रमको रुपमा अगाडी लैजान प्रदेश सरकारबाट शसर्त कार्यक्रमको लागि प्राप्त रकम र यस गाउँपालिकाबाट समेत बजेट विनियोजन गरेको छु ।
- कृषी बिमा र पशु बिमा कार्यक्रमका लागी आवश्यक बजेट विनियोजन गरेको छु । निशुल्क कृत्रिम गर्भाधानका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- विदेशबाट फर्केका युवालाई कृषिमा आवद्ध गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- पर्यटनको क्षेत्रमा संघ र प्रदेश सरकारबाट प्राप्त आयोजनाहरुमा साझेदारी गर्न तथा कार्यक्रम सञ्चालनका लागि यस गाउँपालिकालाई प्राप्त अनुदान रू. २२ लाख विनियोजन गरेको छु ।

- सहकारीको क्षमता अभिवृद्धीका लागि रू. ५ लाख विनियोजन गरेको छु ।
- छत्रकोट गाउँपालिकाको गौरवको आयोजनाको रुपमा संचालित "ढुङ्गे देउराली वागवानी विकास केन्द्र" लाई आवस्यक वजेट विनियोजन गरेको छु ।
- लघु तथा साना उद्योगको स्थापनाका लागि प्रोत्साहन गर्न आवश्यक बजेट विनीयोजन गरेको छु।

**आदरणीय सभाध्यक्ष महोदय,**

**अब म पूर्वाधार विकास क्षेत्रमा भएको विनियोजनको मुख्य मुख्य कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- समग्र पूर्वाधार क्षेत्रको विकासका लागि संघ र प्रदेश सरकारसँग साझेदारी समेत गरी रू. ६ करोड ६५ लाख विनियोजन गरेको छु ।
- छत्रकोट चक्रपथका लागि संघीय सरकारसँग समपुरक अनुदानमा आयोजना सञ्चालन गर्न रु. ३ करोड १६ लाख विनियोजन गरेको छु ।
- पिपलनेटा दिगाम धरमपानी मानकोट दौघा फर्साटाकुरा मोटरबाटोका लागि प्रदेश सरकारसँग समपुरक अनुदानमा आयोजना सञ्चालन गर्न रु १ करोड विनियोजन गरेको छु ।
- सभाहल निर्माणका लागि प्रदेश सरकारसँग समपुरक अनुदानमा आयोजना सञ्चालन गर्न रु ५० लाख विनियोजन गरेको छु ।
- वडा नं १ को कार्यालय र वडा नं ५ को कार्यालय भवन निर्माण गर्न क्रमागत योजनाको रुपमा यस वर्ष खर्च गर्न रु १ करोड २० लाख विनियोजन गरेको छु ।
- नमुना वस्ती तथा सुकुम्वासीहरुको आवास निर्माणका लागि प्रदेश सरकारसँग समपुरक अनुदानमा आयोजना सञ्चालन गर्न रु ५० लाख विनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**अब म सामाजिक विकास क्षेत्रमा भएको विनियोजनको मुख्य मुख्य कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

– शिक्षा, स्वास्थ्य, संस्कृति, लैङ्गिक समानता तथा समावेशीकरण समेतका क्षेत्रका विभिन्न कार्यक्रम सञ्चालन गर्न रू. २ करोड ७६ लाख विनियोजन गरेको छु ।
- स्वास्थ्यका विभिन्न कार्यक्रम सञ्चालनका लागि रु १ करोड १७ लाख विनियोजन गरेको छु । कोरोना भाइरससँग जुध्न रु ५० लाख विनियोजन गरेको छु ।

- आगामी आर्थिक वर्षदेखी हुँगा स्वास्थ्य चौकीमा ल्याब सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- यसै आर्थिक वर्षमा ५ वटै समुदैयिक स्वास्थ्य इकाईको भवन निर्माण प्रारम्भ गरिनेछ ।
- शिक्षा तर्फका विभिन्न कार्यक्रमका लागि रु. ९० लाख विनियोजन गरेको छु ।
- ग र घ वर्गका अपाङ्गगता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- ४० वर्ष पुरा भएका अविवाहित महिला, पति वेपत्ता महिला, एकल पुरुष, सम्बन्ध विच्छेद भइ बसेका एकल महिला पुरुषका लागि कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको विनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**अब म वन वातावरण तथा विपद व्यवस्थापनको क्षेत्रमा भएको विनियोजनको मुख्य मुख्य कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- पहिरो नियन्त्रण, ह्युम पाइप, तारजाली, वृक्षारोपण, मुहान संरक्षण, फोहोरमैला व्यवस्थापन/जलाधार संरक्षण र विपद व्यवस्थापन र उद्दार प्रयोजनका लागि रू. ३४ लाख विनियोजन गरेको छु।

**आदरणीय सभाध्यक्ष महोदय,**

**अब म संस्थागत विकास सेवा प्रवाह तथा सुशासनको_क्षेत्रमा भएको विनियोजनको मुख्य मुख्य कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- सम्पूर्ण वडा कार्यालयहरुमा इन्ट्रानेट तथा स्वास्थ्य संस्थाहरु, विद्यालयहरुलाई इन्टरनेट संजालमा आवद्ध गरी विधुतीय शासनलाई टेवा पुर्याउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- संस्थागत विकास र सेवा प्रवाहका लागि कार्यहरुका लागि ६ करोड ६८ लाख ८३ हजार ८ सय ६० रुपैया गरेको छु ।

वस्तीस्तरबाट माग हुने गाउँपालिकाको स्रोतबाट संचालन हुन नसक्ने ठूला योजनाहरुलाई केन्द्र तथा प्रदेश सरकारमा अनुरोध गर्ने व्यवस्था गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०७७।७८ को लागि प्रस्तावित खर्चको लागि स्रोतको व्यवस्थापन देहाय बमोजिम गर्ने प्रस्ताव गरेको छु ।

संघीय सरकार बाट प्राप्त अनुदान रु ३४ करोड ४४ लाख

संघीय सरकार बाट प्राप्त हुने राजश्व बाँडफाँडको रकम रु ६करोड ६८ लाख ८३ हजार ८ सय ६०

प्रदेश सरकारबाट अनुदान प्राप्त रु ४ करोड २८ लाख ८९ हजार

प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँडको रकम रु ३७ लाख ८१ हजार

यस वर्ष खर्च नभइ बचत हुने अनुमान रु २ करोड २६ लाख ७० हजार

आन्तरिक आय रु ३६ लाख गरी जम्मा रु ४८ करोड ४२ लाख २३ हजार ८ सय ६०

**आदरणीय सभाध्यक्ष महोदय,**

**बजेट कार्यान्वयन**

बजेट कार्यान्वयनको तालिका बनाई चौमासिक लक्ष्य अनुसार कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ । आयोजनाहरुको अनुगमन प्रणालीलाई कार्यान्वयनको चरण र सम्पन्नको चरणमा गर्ने पद्धती बाट आयोजनाहरुको गुणस्तरमा ध्यान पुर्याइनेछ । आयोजनासँग सम्बन्धित विषयगत समिति, विषयगत शाखा हरुबाट समेत नियमित अनुगमन मुल्यांकनको व्यवस्था मिलाइनेछ । साथै सम्बन्धित वडाका वडा अध्यक्ष लगायतका जनप्रतिनिधिहरुबाट समेत अनुगमन मुल्यांकन हुने व्यवस्था मिलाइनेछ । यसबाट बजेट कार्यान्वयनमा अनुशासन र नतिजा प्राप्तिको सुनिश्चितता आउने विश्वास लिएको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**जवाफदेहीता र उत्तरदायित्व**

पूँजीगत क्षेत्रका विनियोजित बजेट समयमै खर्च नहुने प्रवत्तीलाई रोक्न सम्वन्धित शाखालाई जिम्मेवार बनाइनेछ । निर्धारित समय र लागतमा कार्य सम्पन्न गर्ने, निर्माण गुणस्तर कायम गर्ने कार्यमा निर्माण सम्बद्ध व्यवसायी तथा उपभोक्ता समितिलाई परिणाम प्रति जवाफदेही तथा उत्तरदायी हुने प्रणालीको विकास गरिने छ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

यो बजेटको कार्यान्वयनबाट छत्रकोट गाउँपालिकाको विकास र यस गाउँपालिकावासीहरुको जीवनस्तरमा सुधारमा सकरात्मक परिवर्तन आउने अपेक्षा गरेको छु ।

बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नुहुने आदरणीय अध्यक्ष ज्यू, परामर्श दिने वडाध्यक्ष ज्युहरु, विभिन्न विषयका विज्ञहरु, विभिन्न राजनीतिक दलका नेताहरु, नागरिक समूहका अगुवाहरु, सामाजिक अभियान्ता, विषयगत कार्यालयका प्रमुख ज्यू एवं पत्रकार लगायत सम्पूर्णप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यस कार्यमा अहोरात्र खटिइ नीति कार्यक्रम र बजेट निर्माण कार्यमा सहयोग पुर्याउने प्रमुख प्रशासकीय अधिकृत एवं सबै कर्मचारीहरुमा विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा छत्रकोटको विकासमा टेवा पुर्याउनुहुने सबै करदाताहरु, संघीय सरकार, प्रदेश सरकार संघ र प्रदेशमा यस क्षेत्रबाट प्रतिनिधित्व गर्ने माननीय मन्त्री ज्यू, माननीय संसदज्यूहरु,दातृ निकायहरु, गैरसरकारी तथा सामुदायिक सँस्थाहरु, सहकारी सँस्थाहरु लगायत छत्रकोटवासी र छत्रकोट गाउँपालिकालाई माया गर्नुहुने सम्पूर्ण दाजुभाई दिदी बहिनीहरुलाई यस अवसरमा हार्दिक आभार प्रकट गर्दै यो बजेटको सफल कार्यान्वयनमा समेत सबैको पूर्ण सहयोग पाउने विश्वास राखेको छु ।

**धन्यवाद !**

**नर्मदा भण्डारी**

उपाध्यक्ष

मितिः २०७७।०३।१०